**गोलबजार नगरपालिका भित्र संचालनमा रहेका बढीमा गोलबजार नगरपालिका मात्र कार्यक्षेत्र भएका सहकारी संस्था लिमिटेडहरुलाई गोलबजार नगरपालिकाको अत्यन्त जरुरी सूचना**

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा २ नं.प्रदेश, नेपाल

संघीय सहकारी ऐन २०७४ को दफा ३९ (२) मा "समितिले प्रत्येक सहकारी संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र बार्षिक साधारण सभा बोलाउनु पर्नेछ" भनी उल्लेख छ । त्यसै गरी दफा ७३ मा

" सहकारी संस्थाले प्रत्येक वर्ष देहाय बमोजिमका विवरणहरु सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नु पर्ने छ भनी उल्लेख गरेके छ ।

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन ,

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना ,

(ग) खुद बचत सम्वन्धी नीति तथा योजना ,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची ,

(ङ) साधारण सभाको बैठक सम्वन्धी जानकारी,

(च) शेयर सदस्य सङ्ख्या र शेयर पूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण । "

तसर्थ माथि उल्लेखित समस्त सहकारी संस्थाहरुले लेखापरिक्षण गराई साधारण सभाबाट सो प्रतिवेदन पारित गरी सो लेखापरीक्षण प्रतिवेदन, सभाका निर्णयहरु ,पारित कार्यविधि, विनियमावली, निर्देशिका आदि विवरणहरु समयभित्र नगरकार्यपालिकाको कार्यालयमा बुझाउनुहुन निर्देशित गरिएको छ । अन्यथा कानून बमेजिम भैजाने व्यहोरा अवगत गराइन्छ ।

२०७५।८।२६

प्रमुख प्रशासकीय अधिकृत

**गोलबजार नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**गोलबजार , सिरहा**